# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर,नवलपरासी (बर्दघाट,सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५३९६, ५७५०१०
Devchulimunicipality@gmail.com

## नगरवासी महानुभावहरुमा नयाँ वर्ष २०७८ को शुभकामना सन्देश

नयाँवर्ष २०७८ ले देश विदेशमा रहेका दाजुभाइ दिदीवहिनीहरु लगायत हामी सबै नगरबासीहरुको कल्याण गरोस् कोही कसैको मनमा, ख्यातिमा, परिवारमा, टोल-समाजमा, पिर, चिन्ता, कठिनाई, पिडाबोधको खबर सुन्न र देख्न नपरोस् देबचुलीमाईले हामी सवैको कल्याण गरुन् यही आकाङ्क्ष्या सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्तगर्दछु ।

भारतसँगको खुल्ला सिमानाका कारण त्यहाँबाट फर्केका अधिकांश नेपालीहरुबाट कोरोनाभाइरस (कोभिड-१९) को बिकशित रुप समेत नेपालमा भित्रिइसकेको,यसको परिणाम बिगतको भन्दा जटिल अबस्थाको रहेको र समयमा नै सचेत हुन नसके स्वास्थ्य संस्थाले धान्न नसक्ने भन्ने कुरा सुन्न परेकोमा हामी सबैलाई चिन्ता लागि रहेको छ ।

यस बिपतको घडीमा ज्यान जोगाउनु नै सबैभन्दा पहिलो प्राथमिकता देखिएको र यसको रोकथामको मूल आधार नै समुदायका हरेक व्यक्तिसँग सतर्क रहने, पटक पटक साबुन-पानीले हातधुने, काम नपरी घर बाहिर ननिस्कने, निस्कनै परे माक्स लगाई सामाजिक दुरी कायम गरेर मात्र हिडडुल गर्ने, मालसामान खरिद बिक्रिगर्ने हरेक पसलहरुमा साबुन-पानीले हातधुने वा सेनिटाइर प्रयोग गर्ने ब्यबस्था मिलाउने,जरुरी काम नपरी कोही कसैको घरमा नगई सतर्कता अपानाइदिनुहुन नगरवासी सबै समुदाय, नागरिक समाज,राजनीतिकदलका प्रतिनिधिज्यूहरु समेतमा हार्दिक अनुरोध गर्दछु ।

मुलत:विदेशबाट फर्केका व्यक्तिहरु, नियमित औषधि सेवन गर्नुपर्ने दीर्घ रोगीहरु, आबागमनका सिलसिलामा सार्वजनिक सवारी साधनमा यात्रा गर्ने व्यक्तिहरु लगायत उपचारको सिलसिलामा अस्पतालबाट फर्केका व्यक्तिहरु समेत यस रोगको संक्रमणमा अग्रस्थानमा देखिएकोले त्यस्ता कार्यका सिलसिलामा सचेत रही आफू र आफ्नो परिवार, समाज र टोल छिमेकीहरुलाई समेत सतर्क गराइदिनुहुनेछ र यो रोगबाट सुरक्षितहुन मद्दत मिल्ने छ भन्ने आशा राख्दै सबै नगरबासी महानुभाबहरुको उत्तरोत्तर प्रगतिको कामना सहित देवचुली नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट पुन:नयाँ वर्ष २०७८ को हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

१,बैसाख २०७८

(पूर्णकुमार श्रेष्ठ)
नगर प्रमुख